# सुनछहरी गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड ७ सुनछहरी ,श्रावण २१ गते, २०८० साल संख्या ५

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग २

## मगर खाम भाषा शिक्षक व्यवस्थापन कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/०४/२१**

प्रस्तवना यस सुनछहरी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरु अधिकांस मगर खाम भाषा बोल्ने, यस गाउँपालिकामा सम्पूर्ण वडा र टोलहरुमा पनि मगर खाम भाषा बोल्नेको बाहुल्यत भएको र विद्यालहरुमा साना वालवालिकाहरु नेपाली भाषा नबुझ्ने शिक्षण सिकाणमा समस्या भएकोले सो समस्या समाधान गर्न शिक्षा समितिले उपलब्ध गराएको तथ्यांकको आधारमा गाउँपालिका भित्रका विद्यालयहरुमा खामभाषा शिक्षक व्यवस्थापन प्रक्रियालाई व्यवस्थित एवम् मर्यादित बनाई गुणस्तरीय शिक्षाको प्रत्याभूत गराउन वाञ्छनीय भएकोले सुनछहरी गाउँपालिका कार्यविधि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उप दफा ज ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

**परिच्छेद-१ प्रारम्भिक**

(१) यस कार्यविधिको नाम " मगर खाम भाषा शिक्षक व्यवस्थापन कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) समिति भन्नाले मगर खाम भाषा शिक्षक छनौट समिति सम्झनु पर्छ ।

(ख) मगर खाम भाषा शिक्षक भन्नाले विद्यालयले गाउँपालिका आन्तरिक स्रोतबाट वा राजस्व बाडफाडबाट तलब भत्ता खाने गरी नियुक्त भएका शिक्षक सम्झनुपर्छ र गाउँपालिका शिक्षक सम्बन्धमा नीति बनाई लागु गर्नुपर्नेछ ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले सुनछहरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत वा सो पदको जिम्मेवारी तोकिएको अधिकृत कर्मचारी सम्झनुपर्छ ।

(घ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले सम्बन्धित विद्यालयको व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ङ)"विषयविज्ञ" भन्नाले बुदा५ को उपवुदा (२) बमोजिमको योग्यता पुगेको व्यक्ति सम्झनु पर्दछ ।

(च)"कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्दछ ।

(छ)"शिक्षा शाखा प्रमुख" भन्नाले सुनछहरी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा सोको कामकाज गर्न तोकिएको नेपाल शिक्षा सेवाको अधिकृत कर्मचारी सम्झनुपर्छ ।

**परिच्छेद- २**

**मगर खाम भाषा शिक्षक सम्बन्धी व्यवस्था**

**३. मगर खाम भाषाको शिक्षकको योग्यताः**

क. नेपाली नागरिक

ख. कुनै फौजदारी अभियोग नभएको

ग. अठार बर्ष पुरा भई चालीस बर्ष ननाघेकोको

घ. मगर खाम भाषामा पोख्त भएको हुनु पर्ने

ङ. शिक्षा संकाय बाट कुनै विषयमा कक्षा बाह्र उर्त्तीर्ण गरेको हुनुपर्ने ।

च. मगज नबिग्रेको

च. मगर खाम भाषा शिक्षकले अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनु पर्ने सो उपलब्ध नभएमा सम्बन्धित मगर खाम भाषा जानेको योग्य ब्यक्तिलाई कबुलियत नामा र आवश्यक कार्यविधि बनाइ शिक्षक छनौट गरि ब्यवस्थापन गर्न सकिनेछ ।

छ. मगर खाम भाषा शिक्षकको अन्य योग्यता प्रचलित कानुन बमोजिम हुनेछ ।

४. मगर खाम भाषा शिक्षकको विज्ञापनः गाउँपालिकाले मगर खाम भाषा शिक्षकको पद पूर्ति गर्दा आधारभूत तहमा कोटा वितरण गरि विद्यालयलाई विज्ञापन गर्न निर्देशन दिनेछ र शिक्षक

सुनछहरी गाउँपालिका

कोटा वितरण गर्दा शिक्षक दरबन्दि मिलान २०७७ बमोजिम शिक्षक विद्यार्थी अनुपातको आधारमा गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा बाट अनुमति लिएर मात्र विज्ञापन गर्नु पर्नेछ । यसरी अनुमति प्रदान गर्दा विद्यालयमा सम्बन्धित तहको विद्यमान स्वीकृत दरबन्दी राहत अनुदान, शिक्षण सिकाइ अनुदान र गाउँपालिका अनुदान शिक्षक कोटामा कार्यरत विषय शिक्षकहरूको गणना गरी निर्धारण गरिनेछ ।

**परिच्छेद- ३ समितिको गठन**

**५. खाम भाषा शिक्षक छनौट समिति**

(१) मगर खाम भाषा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक मगर खाम भाषा शिक्षक छनौट समिति रहनेछः-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) शिक्षा युवा तथा खेलककुद शाखाको प्रतिनिधि - सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरी सोहि तहमा पाचँ वर्ष स्थायी शिक्षक र मगर खाम भाषामा विज्ञ भएको र अन्य तहका लागि कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित तहमा पाचँ वर्ष स्थायी भएको शिक्षक र मगर खाम भाषामा विज्ञ भइ विषयविज्ञमा सूचीकृत व्यक्तिहरू मध्येबाट - दुई जना सदस्य

(घ) प्रधानाध्यापक- सदस्य - सचिव

(२) उपदफा (१) को खण्ड (ग) को प्रयोजनका लागि शिक्षा शाखाले विषयविज्ञ सुचना प्रकाशन गरि सूचिकृत भएका ब्यक्तिहरुको विवरण सूची नियमित अद्यावधिक गरी राखु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ग) को आधारभूत तहको मगर खाम भाषा विषयको शिक्षक छनौट प्रयोजनका लागि सम्बन्धित विषय मा स्नातक तह उत्तीर्ण गरेको व्यक्ति र कम्तीमा ५ वर्ष सेवा अवधि पुगेको व्यक्ति उपलब्ध हुन नसकेमा सम्बन्धित विषय मा स्नातक तह उत्तीर्ण गरी स्थायी नियुक्ति भएको विषयविज्ञ सदस्यका रुपमा मनोनयन गर्न बाधा पर्ने छैन ।

(४) यस समितिमा आवश्यकतानुसार सम्बन्धित विषयको विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) यस गाउँपालिकाको विज्ञसूचीबाट कुनै विषयको विज्ञ उपलब्ध हुन नसकेमा शिक्षा विकास तथा समन्वय एकाई रोल्पा वा अन्य स्थानीय तहको विज्ञ सूची र अन्य विषयगत कार्यालयहरूमा

सुनछहरी गाउँपालिका

कार्यरत विज्ञ कर्मचारी वा सेवा निवृत्त कर्मचारी विषयविज्ञका रुपमा मनोनयन गर्न बाधा पर्ने छैन।

**परिच्छेद- ४**

**समितिको काम कर्तव्य र अधिकार**

६. मगर खाम भाषा शिक्षक छनौट समितिको काम कर्तव्य र अधिकार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि र प्रचलित कानून अनुसार सामुदायिक विद्यालयका मगर खाम भाषा शिक्षक छनोट परीक्षा सञ्चालन

गर्ने,

(ख) मगर खाम भाषा शिक्षक नियुक्तिका लागि आवश्यक प्रक्रिया पूरा गरी विद्यालय व्यवस्थापन समिति समक्ष

सिफारिस गर्ने,

(ग) शिक्षक छनोटका लागि आवश्यक पर्ने प्रशासनिक तथा प्राविधिक सबै कार्य प्रचलित मापदण्ड अनुसार गर्ने,

(घ) समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**परिच्छेद- ५**

**मगर खाम भाषा शिक्षक छनोट तथा परीक्षा सञ्चालन**

७. मगर खाम भाषा शिक्षक छनोट प्रक्रिया तथा व्यवस्था देहाय बमोजिम हुनेछ-

(क) विद्यालयले कम्तीमा १५ दिनको विज्ञापन प्रकाशन गरी गाउँपालिका, वडा कार्यालय, सम्बन्धित विद्यालय र अन्य सार्वजनिक स्थानहरूमा सूचना टाँस गरी त्यसको भरपाई वा मुचुल्का उठाइ सुरक्षित राख्नु पर्नेछ ।

(ख) मगर खाम भाषा शिक्षक छनोट लागी सम्बन्धित उमेदवारले यस कार्य विधिको अनुसूची- १ बमोजिम आवेदन फारम भरि सम्बन्धित विद्यालयमा दरखास्त दिनु पर्नेछ ।

(ग) उम्मेदवारले विज्ञापनका सबै शर्तहरू पूरा गरी तोकेको दस्तुर र आवश्यक कागजात सहित सम्बन्धित विद्यालयमा हस्त लिखित निवेदन दिनुपर्ने छ ।

(घ) विद्यालयले तोकिएको समयभित्र परेका निवेदन उपर छानविन गरी रीत पुगेको उम्मेदवारको सुची टाँस गर्नु पर्नेछ । र गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखालाई जानकारी दिनु पर्नेछ ।

सुनछहरी गाउँपालिका

(ङ) शिक्षक छनोट समितिले तोकेको मिति र समयमा गाउँपालिकको कार्यालय परिसर वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको सुरक्षित स्थानमा परीक्षा सञ्चालन गर्नु पर्ने छ ।

(च) मगर खाम भाषा शिक्षक परीक्षा सञ्चालन गर्दा यस कार्यविधिको अनुसूची- २ बमोजिम तथा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयको लागि निर्धारण गरिएको पाठ्यक्रम र परीक्षा प्रणाली बमोजिम गरिनेछ र द्धितिय पत्रको लागी शिक्षक सेवा आयोगले प्रकाशन गरेको पाठ्यक्रम तथा परीक्षा प्रणाली र यस कार्य विधिको पाठ्यक्रम बमोजिम गरिनेछ तर भाषाको माध्यम मगर खाम भाषामा हुनेछ ।

(च) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको मात्र अन्तर्वार्ता लिइनेछ ।

(छ) आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा पनि लिन सकिनेछ ।

(ज) लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षामा गरी सबैभन्दा बढी कुल प्राप्ताङ्क भएको उम्मेदवार छनोट गरी नियुक्तिका लागि सिफारिस गरिने छ र यसको सूचना टाँस गरी सार्वजनिक गर्नु पर्नेछ ।

(झ) सिफारिस भएका शिक्षकलाई सम्बन्धित विद्यालयमा विद्यालय ब्यवस्थापन समितिको बैठक बसि नियुक्ति दिइ हाजिर गराउनेछ र गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा नियुक्ति समर्थनको लागी जानकारी गराउनु पर्नेछ ।

**८. परीक्षा सञ्चालनः**

(क) मगर खाम भाषा शिक्षक छनौटमा खटिएका शिक्षक छनोट समितिका पदाधिकारी, कर्मचारीले प्रचलित कानुन बमोजिम परीक्षा सञ्चालन गर्नु पर्ने छ ।

(ख) परीक्षामा खटिने समितिका पदाधिकारी, कर्मचारी, विषयविज्ञ लगायतले प्रचलित नियमानुसारको भत्ता पाउनेछन् ।

(ग) परीक्षा भवन तथा परिसरमा खटाइएका कर्मचारी, शिक्षक छनोट समितिका पदाधिकारी बाहेक अन्य

कसैलाई प्रवेश गर्न अनुमति दिइने छैन ।

(घ) परीक्षा सञ्चालन हुनु पूर्व छनोट समितिको बैठक राखी परीक्षा सञ्चालन सम्वन्धी मापदण्ड र आचारसंहिता तयार गरी कार्यान्वयन सम्बन्धी अभिमुखीकरण गर्नु पर्ने छ ।

(ङ) शिक्षा युवा तथा खेलकुद शाखाको प्रतिनिधिको रोहवरमा उत्तरपुस्तिकामा कोडिङ डिकोडिङको काम गरिने तथा निजकै रोहवरमा परीक्षा केन्द्रहाताभित्र विषयविज्ञबाट उत्तरपुस्तिका परीक्षण र आवश्यकतानुसार सम्परीक्षणको काम गरिनेछ ।

(च) सम्बन्धित विद्यालयको शिक्षकलाई यस समितिको सदस्य र विषयविज्ञको रुपमा समावेश गरिने छैन ।

(छ) शिक्षक छनौट सम्बन्धी सम्पूर्ण निर्णयहरू निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्ने छ।

(ज) गाउँ कार्यपालिकाबाट स्वीकृत यस कार्यविधिलाई विद्यालय र शिक्षक छनौट समितिले पूर्णरुपमा पालना

गर्नुपर्ने छ ।

(झ) परीक्षा सञ्चालनमा लाग्ने सम्पूर्ण खर्चको व्यवस्थापन सम्बन्धित विद्यालयले गर्नुपर्ने छ ।

**९. पाठ्यक्रम सम्बन्धि ब्यवस्था**

मगर खाम भाषाको शिक्षक ब्यवस्थापन पाठ्यक्रम तथा परीक्षा प्रणाली शिक्षक सेवा आयोगले तयार गरेको पाठ्यक्रममा आधारित रहि तथा केहि यस कार्यविधिमा थपघट भए बमोजिम पाठ्यक्रमको लागु गरिनेछ ।

**परिच्छेद- ६ सेवा शर्त तथा सुविधा**

१०. मगर खाम भाषा शिक्षकको सेवा सर्त तथा सुविधा यस कार्यविधि अनुसार देहाय बमोजिम हुनेछः

(क) शिक्षक छनोट समितिको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रका लागि मगर खाम भाषा शिक्षकको करार नियुक्ति गर्नेछ । यसरी गरिएको नियुक्ति गाउँकार्यपालिकाबाट समर्थन गरिएको हुनु पर्नेछ ।

(ख) विद्यालयले खण्ड (क) बमोजिम नियुक्त मगर खाम भाषा शिक्षकको अभिलेख फाइल तयार गरी नियुक्त भएको १५ (पन्ध्र) दिनभित्र गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

ग) मगर खाम भाषा शिक्षकशिक्षण व्यवस्थापन अनुदान/तलव भत्ता तथा अन्य सेवा सर्त सुविधा गाउँकार्यपालिकाले तोके बमोजिम हुने छ |

घ) मगर खाम भाषा शिक्षक शिक्षण व्यवस्थापन अनुदान सम्बन्धित विद्यालयको खातामा सम्भव भए सम्म मासिक रुपमा शिक्षक ब्यक्तिगत खातामा निकासा दिन सकिने छ |

ङ) कार्यपालिकाले सामुदायिक विद्यालयहरुलाई मगर खाम भाषा शिक्षक शिक्षण व्यवस्थापन अनुदान निकासा दिदा आफ्नै आम्दानीको स्रोत बाट रकम ब्यवस्थापन गर्नेछ |

च) मगर खाम भाषा शिक्षकलाई नेपाल सरकार संघीय ऐन, नियमावली तथा गाउँपालिकाको गाउँ शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम गाउँपालिका शिक्षकको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सक्ने छ |

(ज) कार्यरत विद्यालयको वि.व्य.स. को सिफारिसमा गाउँ शिक्षा समितिको निर्णयानुसार एक शैक्षिक सत्र पूरा सेवा गरेका मगर खाम भाषा शिक्षकको एक पटकमा १ वर्षमा नबढाई सेवा करारको म्याद थप गर्न सकिनेछ ।

(झ) जुनसुकै कारणले सेवाबाट अलग भए पनि शिक्षकमा कार्यरत हुँदा अवधीको भुक्तानी पाउन बाँकी रहेको तलब भत्ता रकम नियमानुसार उपलब्ध गराइने छ ।

**११. बिदा काज तथा सरुवा सम्बन्धी व्यवस्था :**

१) मगर खाम भाषा शिक्षकले पाउने बिदा : विद्यालयको मगर खाम भाषा नियुक्त शिक्षकले देहाय बमोजिमका बिदाको सहुलियत लिन सक्ने छ ।

क) भैपरी आउने बिदा वर्ष भरिमा ६ दिन

ख) पर्व बिदा बर्ष भरिमा ६ दिन

ग) बिरामी बिदा बर्ष भरिमा १२ दिन

घ) सुत्केरी विदा सुत्केरी अघि वा पछि- ९८ दिन

ङ्) सुत्केरी स्याहार बिदा - १५ दिन

च) किरिया बिदा १५ दिन

२) पर्व बिदा र भैपरी बिदा आधा दिन पनि लिन सकिने छ ।

३) सुत्केरी बिदा बढीमा २ पटक मात्र लिन पाउने छन ।

(४) शिक्षक आफै किरिया बस्नु परेमा किरिया जिदा पाउने छ । महिला शिक्षकको पतिले किरिया बन्नु परेमा त्यस्तो महिला शिक्षकले किरिया बिदा पाउने छ ।

५) बिदा दिने अधिकारी मगर खाम भाषा शिक्षकको विदा प्र.अ. ले स्वीकृत गर्ने छ ।एक हप्ता भन्दा बढी अवधिको लागि बिदा लिनु परेमा वि.व्य.स. बाट स्वीकृत गर्नु पर्ने छ ।

६) कुनै शिक्षकले बिदा नलिई विद्यालयमा अनुपस्थित भएमा उक्त दिनको गयल जनाई सो दिनको तलब कट्टी गरिने छ ।

७) बिदा सहुलियत मात्र हुनेः बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुन सक्ने छ ।

८) काज तथा दैनिक भ्रमण भत्ता : विद्यालयको कामको सिलशिलामा विद्यालय बाहिर बस्नु पर्ने गरि खटिने शिक्षकले विद्यालयको नियम अनुसार काज पाउने छ । यसरी काजमा खटिएको शिक्षकले विद्यालयको कोषबाट नियमानुसार दैनिक भ्रमण भत्ता पाउन सक्ने छ ।

९) सरुवा सम्बन्धी व्यवस्था गाउँपालिकाले आवश्यकताको आधारमा दोहोरो वि.व्य.स. को सहमति लिईविषय र तह मिल्ने भएमा घर पायक हुने गरि सरुवा गर्न सक्ने छ ।

१०) शिक्षण व्यवस्थापन अनुदान विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गर्न सकिनेछ ।कुनै शिक्षकको नियुक्ति भएको तह भन्दा माथिल्लो तहमा अध्यापन गराई रहेको भए

सुनछहरी गाउँपालिका

माथिल्लो स्तरमा अध्यापन गराए बापत थप सुविधा दिइ काममा लगाउन सकिनेछ तर थप सुविधा सहित माथिल्लो तहको पारिश्रमिक प्रचलित नियम भन्दा बढी दिन पाइने छैन सो को व्यवस्था विद्यालय स्वयमले गर्नुपर्ने छ ।

११) दण्ड सजाय 'दण्ड सजाय तथा अन्य व्यवस्था प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

**परिच्छेद- ७ विविध**

१२. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै बमोजिम हुने र यो कार्य विधि जारी हुनु पुर्व सामुदायिक विद्यालयमा प्रचलित कानुन बमोजिम नियुक्त मगर खाम भाषा शिक्षक यसै बमोजिम भएको मानिने छ । यस कार्य विधिमा उल्लेख अन्य विषय सुनछहरी गाउँपालिका शिक्षा ऐन २०७९, सुनछहरी गाउँपालिका शिक्षा नियमावली २०७४ र संघीय शिक्षा ऐन, नियमावली र कार्यविधि बमोजिम नबाझिने गरि कार्य गरिनेछ ।

१३. बाझिएमा अमान्य हुने यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म मान्य हुने छैन ।

१४. बाधा अड्काउ हटाउने अधिकारः यस कार्यविधिको कार्यान्यनमा कुनै बाधा व्यवधान आइपरेमा बाधा अड्काउ फुकाउन गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

१५.संशोधन र खारेजीः यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक प्रक्रिया पूरा गरी संसोधन वा खारेज गर्न

सक्नेछ ।

आज्ञाले,
लालसिंह खड्का
प्रमुख प्रशासकीय अधिकृत

सुनछहरी गाउँपालिका

## अनुसूची - १

**परिच्छेद- ५ नियम नं. ७ को "क" सँग सम्बन्धित**

मगर खाम भाषा शिक्षक दरखास्त आवेदन फारामको ढाँचा

फोटो

क) उम्मेदवारले दरखास्त फारम भरेको पद सम्बन्धि विवरणः

| | |
|---|---|
| विज्ञापन नं. | पद |

ख) उम्मेदवारको वैयक्तिक विवरणः

| | | | |
|---|---|---|---|
| उम्मेदवारको | नाम थरः | देवनागरीमा | |
| | | अंग्रेजी ठुलो अक्षरमाः | |
| | नागरिकता नं. | जारी गर्ने जिल्लाः | लिङ्गः |
| स्थायी ठेगाना | जिल्लाः | न.पा./गा. पा. | वडा नं. |
| | टोलः | बैवाहिक स्थितिः | सम्पर्क नं. |
| | जन्ममिति वि. सः | जन्ममिति इ. स. | मातृभाषाः |

| | |
|---|---|
| पत्राचार गर्ने ठेगानाः | इ-मेल |
| बाबुको नाम थरः | बाजेको नाम थरः |
| आमाको नाम थरः | पति/ पतनीको नाम थरः |

ग) शैक्षिक योग्यता सम्बन्धि विवरणः

| क्र. स. | शैक्षिक संस्था/वोर्ड/ विश्वविद्यालय | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

| | | |
|---|---|---|
| उम्मेदवारको औठा छापः | उम्मेदवारको | |

सुनछहरी गाउँपालिका

| | | दस्तखतः | मितिः |
|---|---|---|---|
| दायाँ | वायाँ | | |

घ) संग्लग्न कागजातहरुः

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२) शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणित प्रतिलिपि,

३) अध्यापन अनुमति पत्रको प्रतिलिपि,

४) निरोगीता प्रमाणपत्र प्रतिलिपि,

५) हस्तलिखित ब्यक्तिगत निवेदन ।

**अनुसूची - २**

**परिच्छेद- ५ नियम नं ९ र ७ को 'च' सँग सम्बन्धित**

आधारभूत तह (१-८) तृतिय श्रेणी मगर खाम भाषा शिक्षकको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम ढाँचा

लिखित परीक्षाः पूर्णाङ्कः २००

१. सामान्य परीक्षाः १००

२. विषयगत परीक्षाः १००

लिखित परीक्षा योजना (Written Examination Scheme)

| विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | १०० | ५० | ५० | ५०*२ | वस्तुगत/ बहुबैकल्पिक | १ घण्टा |
| सम्बन्धीत विषयको विषयगत परीक्षा | १०० | ४० | १० | १०*१० | | |

द्रष्टव्य

१. वस्तुगत/बहुबैकल्पिक परीक्षाको लागी १ घण्टा समय निर्धारण गरिएको छ ।

२. वस्तुगत/बहुबैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अंङ्क कट्टि गरिनेछ।

३. यस पाठ्यक्रम अन्तरगतका विषयवस्तुमा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका कानुन (ऐन, कानुन, नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भइ हटाइएका वा थप गरि कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

४. सामान्य परीक्षा उत्तीर्ण गरेका उमेदवारहरुले मात्र मगर खाम भाषाको विषयगत परीक्षामा सम्मिलित गराइनेछ ।

५. सम्बन्धित विषयको विषयगत परीक्षामा उत्तीर्ण ल्याउने उमेदवारले सामान्य परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको ५० प्रतिशत अंङ्क जोडेर लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।

**प्रथम पत्र**

लिखित परीक्षा अन्तरगत सामान्य परीक्षाको पाठ्यक्रम ढाँचा, विषय, क्षेत्र र अंकभार

| खण्ड | विषय क्षेत्र | परीक्षा प्रणाली | अंक भार | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|
| क | सामान्य ज्ञान | वस्तुगत बहुबैकल्पिक/ | ३० | १५ | एक घण्टा |
| ख | शिक्षा सम्बन्धी आधारभूत ज्ञान | | ४० | २० | |
| ग | सूचना तथा संचार प्रविधि | | १० | ५ | |
| घ | संविधान शिक्षा सम्बन्धी ऐन तथा नियमहरु | | १० | ५ | |
| ङ | बौद्धिक परीक्षण | | १० | ५ | |

**आधारभूत तह (१-८) को सामान्य परीक्षाको पाठ्यक्रम**

**खण्डः "क" सामान्य ज्ञान र समसामयिक विषय** **(३० अङ्क)**

१. ब्रह्माण्ड सम्बन्धी जानकारी

१.१. सौर्यमणडलः सूर्य, ग्रह, उपग्रह, तारा

१.२. पृथ्वीः परिचय, उत्पति र गति

२. विश्वको भूगोल

२.१. महासागर, महादेश, भौगोलिक क्षेत्र र विशेषता

२.२. अवस्थिति, अक्षांस, देशान्तर, अन्तर्राष्ट्रिय तिथि रेखा, समय र दूरी

सुनछहरी गाउँपालिका

२.३. जलवायु, पर्वत श्रृङ्खला, मरुभूमि, भूकम्प, ज्वालामुखी, नदी र हिमनदी

३. नेपालको भूगोल

३.१. भौगोलिक अवस्था, धरातलीय स्वरुप, किसिम र विशेषता

३.२. प्राकृतिक स्रोतहरु, किसिम, उपलब्धता र उपयोग

३.३. भौगोलिक विविधता र जनजीवन

३.४. हावापानीको किसिम, विशेषता र त्यसको प्रभाव

४. नेपालको इतिहास, संस्कृति र सामाजिक व्यवस्था

४.१. आधुनिक इतिहासः महत्त्वपूर्ण राजनीतिक घटनाक्रम

४.२. नेपाली समाजः बनोट, सामाजिक प्रथा, परम्परा, मूल्य र मान्यता

४.३. साँस्कृतिक सम्पदाः किसिम, स्थिति, विशेषता, महत्त्व र संरक्षण

५. नेपालको आर्थिक विकास

५.१. नेपालको अर्थतन्त्रको स्वरूप

५.२. विकासका पूर्वधारहरुः शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, यातायात, विद्युत र पर्यटन

५.३. चालु आवधिक योजना र बजेट

६. वातावरण, विज्ञान र प्रविधि

६.१. दीगो विकास, नेपालको जलवायुको अवस्था, हरितगृह प्रभाव, वातावरण प्रदूषण

६.२. पारिस्थितिक पद्दति (Ecosystem) : परिचय र प्रकार

६.३. जनसांख्यिकीय, शहरीकरण र बसाइँ सराइ र असर

६.४. जैविक प्रविधि र वैकल्पिक उर्जा

६.५. विज्ञान र प्रविधिको विकास

७. अन्तर्राष्ट्रिय सम्बन्ध तथा संघ/संस्था

७.१. संयुक्त राष्ट्रसंघः यसका अंगहरू, विशिष्टीकृत संस्था र तिनका गतिविधिहरु

७.२. क्षेत्रीय संगठनः सार्क र विमस्टेक

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका राजनीतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, सांस्कृतिक लगायत सम सम्बन्धी जानकारी ।

सुनछहरी गाउँपालिका

**खण्डः "ख" शिक्षासम्बन्धी आधारभूत ज्ञान (४० अङ्क)**

१. शिक्षाको परिचय र नेपालको शैक्षिक विकास

१.१. शिक्षाको अर्थ,परिभाषा, स्वरुप, उद्देश्यहरु र कार्यहरु

१.२. नेपालको आधुनिक शैक्षिक इतिहास

१.३. शैक्षिक संगठन र संरचना

२. शिक्षा मनोविज्ञान

२.१. शिक्षा मनोविज्ञानः अर्थ, अवधारणा, आवश्यकता र महत्त्व

२.२. मानव विकासः वृद्धि र विकासको अवधारणा, चरण र विशेषता

२.३. उत्तर बाल्यावस्थाः विशेषता, उत्तर बाल्यावस्थामा देखापर्ने परिवर्तनहरू (शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक परिवर्तन) रुचिहरु

२.४. उत्तर बाल्यावस्थाका विद्यार्थीहरुको सामाजिकीकरणमा शिक्षक र अभिभावकको भूमिका

**३. सिकाइ र प्रभाव पार्ने तत्वहरु**

३.१. सिकाइः परिचय, अर्थ, स्वरुप र प्रभाव पार्ने तत्त्वहरु

३.२. सिकाइको स्थानान्तरणः अवधारणा, प्रकार, सिद्धान्त र प्रभाव पार्ने तत्वहरु

३.३. उत्प्रेरणाः अवधारणा, आवश्यक्ता र विद्यार्थीहरुमा उत्प्रेरणा जगाउने उपायहरु

३.४. पुनर्वल (Reinforcement ): अवधारणा, प्रकार र प्रयोग

४. सिकाइ प्रकृया र सिकाइका सिद्धान्तहरु

४.१. सिकाइका सिद्धान्तः परिचय, विशेषता र शैक्षिक उपयोगिता

४.२. शास्त्रीय सम्बन्धन सिद्धान्त (Classical Conditioning Theory)

४.३. कार्यपरक सम्बन्धन सिद्धान्त (Operant Conditioning Theory)

५. पाठ्यक्रम तथा पाठ्यपुस्तक

५.१. पाठ्यक्रमको परिचय, अवधारणा, उद्देश्य, क्षेत्र र क्रम

५.२. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६

५.३. पाठ्यक्रममा विविधता व्यवस्थापन, स्थानीय पाठ्क्रम, एकीकृत पाठ्यक्रम

५.४. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका र सम्बन्ध

६. शिक्षण सिकाइको योजना, विधि र शिक्षण सामग्री

सुनछहरी गाउँपालिका

६.१. शैक्षणिक योजनाः अर्थ र आवश्यकता, वार्षिक कार्ययोजना, वार्षिक शैक्षणिक योजना, एकाइ योजना र दैनिक पाठयोजना

६.२. शिक्षण सिकाइ विधिः अर्थ, शिक्षक केन्द्रीत शिक्षण विधि, अन्तरक्रियात्मक शिक्षण विधि, विद्यार्थी केन्द्रीत

शिक्षण विधि

६.३. शिक्षण सामग्रीः अर्थ, वर्गीकरण, निर्माण, प्रयोग र भण्डारण

७. मूल्याङ्कन र परीक्षा

७.१. मापन र मूल्याङ्कन बीच भिन्नता, मूल्याङ्कनका प्रकार, साधन र विशेषता

७.२. परीक्षाको अर्थ र प्रकार (विषयगत, वस्तुगत, स्तरीकृत र शिक्षक निर्मित परीक्षा)

७.३. प्रश्नपत्र निर्माण, विशिष्टीकरण तालिका, प्रश्नहरुको विश्लेषण, वैधता र विश्वसनीयता

७.४. निरन्तर मूल्याङ्कन प्रणाली, अक्षराङ्कन पद्धति र नेपालको सन्दर्भमा निरन्तर मूल्याङ्कन प्रणालीको अवस्था

८. १. कक्षाकोठा व्यवस्थापनः अवधारणा, आवश्यक्ता र महत्त्व

८.२. कक्षाकोठामा विविधता व्यवस्थापनः भाषिक, लैङ्गिक, अपाङ्गता, आर्थिक, सामाजिक र साँस्कृतिक

८.३. शैक्षणिक संगठनः कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षण, मिश्रित शिक्षण

८. ४. विद्यालयमा द्वन्द्व व्यवस्थापन, विपत व्यवस्थापन, सङ्कट व्यवस्थापन

९. शिक्षक पेशागत विकास र शैक्षिक अनुसन्धान

९. १. शिक्षक तालिम र क्षमता विकास

९.२. शैक्षिक अनुसन्धानः अर्थ, आवश्यकता र महत्त्व

९.३. घटना अध्ययनर कार्यमूलक अनुसन्धानः उद्देश्य, र प्रयोग

**खण्ड "ग" सूचना तथा सञ्चार प्रविधि (१० अङ्क)**

१. कम्प्युटरः परिचय, प्रकार, हार्डवेयर, सफ्टवेयर र अफिस प्याकेज, (वर्ड, एक्सेल, पावर प्वान्ट) इमेल, इन्टरनेट।

२. विद्यालयमा प्रयोग गरिने साधारण सफ्टवेयर सम्बन्धी आधारभूत ज्ञान

३. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (श्रव्य, दृश्य तथा अन्तरक्रियात्मक डिजिटल सामग्री, ई- पुस्तकालय), विकास र व्यवस्थापन

४. साइबर अपराध र सुरक्षा सम्बन्धी आधारभूत ज्ञान

**खण्डः "घ" संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमहरु (१० अङ्क)**

१. नेपालको संविधान ( मौलिक हक र राज्यका निर्देशक सिद्धान्तहरु)

२. शिक्षा ऐन, २०२८

३. शिक्षा नियमावली, २०५९

४. शिक्षक सेवा आयोग नियमावली, २०५७

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षा सम्बन्धी )

**खण्डः "ङ" सामान्य बौद्धिक परीक्षण (General Mental Ability Test) (१० अङ्क)**

**१. शाव्दिक बौद्धिक परीक्षण (Verbal Intelligence test)**

१.१. शव्द ज्ञान परीक्षण (Word knowledge tests)

१.२. समरूपता ( Analogies )

१.३. शाब्दिक वर्गीकरण (Verbal Classification)

१.४. विपरीतार्थक, समानार्थी (Antonyms, Synonyms)

१.५. शाव्दिक पजलहरू, अमिल्दा शव्दहरू (Verbal Puzzles Including Jumbled Words)

**२. गणितीय क्षमता (Mathematical Ability)**

२.१. श्रेणीक्रम समस्याहरू (Series Problems)

२.२. छुटेका सङ्ख्याहरू पुरा गर्ने (Fill in the Missing Numbers)

२.३. गणितीय पजलहरू (Mathematical Puzzles)

२.४. भिन्न र दशमलव (Fraction and Decimal)

२.५ प्रतिशत र अनुपात (Percentage and Ratio)

२.६. नाफा, नोक्सान, कार्य र समय (Profit, Loss, Time and Work)

२.७. तथ्याङ्क परीक्षण, विश्लेषण र प्रमाणीकरण ( Data Checking, Data Interpretation and Verification)

**३. स्थानिक तार्किक सीप (Spatial Reasoning Skills)**

३.१. वस्तु मिलान (Object Assembly)

३.२. अङ्क संकेत/ कोडिङ्ग (Digit Symbol/Coding)

३.३. चित्र मिलान (Picture Arrangement)

३.४. चित्र पुरा गर्ने (Picture Completion)

३.५. मेट्रिक्स रिजनिङ (Matrix Reasoning)

सुनकोशी गाउँपालिका

**४. दृश्यात्मक/धारणात्मक सीप (Visual / Perceptual Skills)**

४.१. सीमित सूचनाको आधारमा निश्कर्ष (Stringing separate related pieces of Information)

४.२. समान प्रकारका वस्तु पहिचान (Picking out identical things from a collection)

४.३. असमान वस्तु/चित्र पहिचान (Identifying the odd one out)

२.६. नाफा, नोक्सान, कार्य र समय (Profit, Loss, Time and Work)

२.७. तथ्याङ्क परीक्षण, विश्लेषण र प्रमाणीकरण (Data Checking, Data Interpretation and Verification)

**३. स्थानिक तार्किक सीप (Spatial Reasoning Skills)**

३.१. वस्तु मिलान (Object Assembly)

३.२. अङ्क संकेत/ कोडिङ्ग (Digit Symbol/Coding)

३.३. चित्र मिलान (Picture Arrangement)

३.४. चित्र पुरा गर्ने (Picture Completion)

३.५. मेट्रिक्स रिजनिङ (Matrix Reasoning)

**४. दृश्यात्मक/धारणात्मक सीप ( Visual / Perceptual Skills)**

४.१. सीमित सूचनाको आधारमा निश्कर्ष (Stringing separate related pieces of Information)

४.२. समान प्रकारका वस्तु पहिचान (Picking out identical things from a collection)

४.३. असमान वस्तु/चित्र पहिचान (Identifying the odd one out

सुनछहरी गाउँपालिका

| खण्ड | विषय क्षेत्र | परीक्षा प्रणाली | अंक भार | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|
| क | सामान्य ज्ञान | वस्तुगत बहुबैकल्पिक/ | ३० | १५ | एक घण्टा |
| ख | शिक्षा सम्बन्धी आधारभूत ज्ञान | | ४० | २० | |
| ग | सूचना तथा संचार प्रविधि | | १० | ५ | |
| घ | संविधान शिक्षा सम्बन्धी ऐन तथा नियमहरु | | १० | ५ | |
| ङ | बौद्धिक परीक्षण | | १० | ५ | |

अंक विभाजन तालिका

| | विषय क्षेत्र | | | |
|---|---|---|---|---|
| **खण्ड कः सामान्य ज्ञान** | | प्रश्न संख्या | अंङ्क | कुल जम्मा |
| १ | ब्रमाण्ड सम्बन्धि जानकारी | १ | १२* | २ |
| २ | विश्वको भुगोल | २ | २२* | ४ |
| ३ | नेपालको भुगोल | २ | २२* | ४ |
| ४ | नेपालको इतिहास संस्कृति र सामाजिक ब्यवस्था | २ | २२* | ४ |
| ५ | नेपालको आर्थिक विकास | २ | २२* | ४ |
| ६ | वातावरण विज्ञान र प्रविधि | २ | २२* | ४ |
| ७ | अन्तराष्ट्रिय सम्बन्ध तथा संघसंस्था/ | २ | २२* | ४ |
| ८ | राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका राजनीतिक सामाजिक आर्थिक वैज्ञानिक सांस्कृतिक लगायत समसामयिक घटना सम्बन्धी जानकारी | २ | २२* | ४ |
| | **जम्मा** | **१५** | **१२२*** | **३०** |
| **खण्ड खः शिक्षा सम्बन्धी आधारभूत ज्ञान** | | | | |
| १ | शिक्षाको परिचय र नेपालको शैक्षिक विकास | ३ | ३२* | ६ |
| २ | शिक्षा मनोविज्ञान | २ | २२* | ४ |
| ३ | सिकाइ र प्रभाव पार्ने तत्वहरु | २ | २२* | ४ |
| ४ | सिकाइ प्रकृया र सिकाइका सिद्धान्त | ३ | ३२* | ६ |
| ५ | पाठ्यक्रम तथा पाठ्यपुस्तक | २ | २२* | ४ |
| ६ | शिक्षण सिकाइ योजना विधि र शिक्षण सामाग्री | २ | २२* | ४ |
| ७ | मूल्याङ्कन र परीक्षा | २ | २२* | ४ |

| | | | | |
|---|---|---|---|---|
| ८ | शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन | २ | २२* | ४ |
| ९ | शिक्षक पेशागत विकास शैक्षिक अनुसन्धान | २ | २२* | ४ |
| | जम्मा | २० | २०*2 | ४० |
| **खण्ड गः सूचना तथा संचार प्रविधि** | | | | |
| १ | कम्प्यूटर सम्बन्धि सामान्य जानकारी | १ | १२* | २ |
| २ | विद्यालयमा प्रयोग गरिने साधारण सफ्टवेयर | १ | १२* | २ |
| ३ | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग | २ | २२* | ४ |
| ४ | साइवर अपराध र सुरक्षा | १ | १२* | २ |
| | जम्मा | ५ | ५२* | १० |
| **खण्ड घः संविधान तथा शिक्षा सम्बन्धी ऐन तथा नियमहरु** | | | | |
| १ | नेपालको संविधान | १ | १२* | २ |
| २ | शिक्षा ऐन, २०२८ | १ | १२* | २ |
| | शिक्षा नियमावली, २०५९ | १ | १२* | २ |
| | शिक्षक सेवा आयोग नियमावली, २०५७ | १ | १२* | २ |
| | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षा सम्बन्धी) | १ | १२* | २ |
| | जम्मा | ५ | ५२* | १० |
| **खण्ड ङः बौद्धिक परीक्षण** | | | | |
| | शाब्दिक बौद्धिक परीक्षण | २ | २२* | ४ |
| | गणितिय क्षमता | १ | १२* | २ |
| | स्थानीय तार्किक सीप | १ | १२* | २ |
| | दृश्यात्मकधाराणात्मक/ | १ | १२* | २ |
| | **जम्मा** | **५** | **५२*** | **१०** |
| | **कुल जम्मा** | **५०** | **५०२*** | **१००** |

सुनछहरी गाउँपालिका

**दोस्रो पत्र (विषयगत)**

आधारभूत तह (१-८) खुला प्रतियोगीतात्मक विषयगत परीक्षाको पाठ्यक्रम - २०८०

पूर्णाङ्कः १००

उत्तीर्णाङ्कः४०

समयः ३ घण्टा

**खण्ड क**

**१. शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन**

१.१ शैक्षणिक योजनाः परिचय, आवश्यकता, निर्माण र प्रयोग (वार्षिक कार्य तालिका, वार्षिक शैक्षिक योजना, एकाइ योजना, दैनिक पाठयोजना र दैनिक कार्यतालिका), कक्षाकोठा व्यवस्थापन ( अवधारणा र महत्व, कक्षाकोठाको वातावरण र बसाइ व्यवस्थापन)

१.२ शैक्षणिक व्यवस्थापनः कक्षा शिक्षण, बिषय शिक्षण र वहुकक्षा शिक्षण, कक्षा कोठामा विविधता व्यवस्थापन (भाषिक, सामाजिक, सिकाइ क्षमता, बौद्धिक र शारीरिक )

१.३ शैक्षिक सामग्री र शैक्षिक सुधारः शैक्षिक सामग्रीको प्रकार र निर्माण, प्राथमिक तहमा अध्यापन हुने विषयहरुको विषयगत शैक्षिक सामग्री निर्माण र प्रयोग

१.४ विद्यालय समुदाय सम्बन्धः विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमा विद्यालयको योगदान, विद्यालय र समुदाय बीच सम्बन्ध

**२. बाल मनोविज्ञान**

२.१ बालमनोविज्ञानः अर्थ, क्षेत्र, आवश्यकता र महत्व

२.२ मानव वृद्धि र विकासः वृद्धि र विकासको अवधारणा, मानव विकासका विशेषताहरु र मानव विकासका

चरणहरु

२. ३ पूर्व वाल्यावस्था तथा उत्तर वाल्यावस्थाः परिचय, विकासात्मक कार्य, विशेषताहरु, शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव, रुचिहरु, संकटहरु, पूर्व र उत्तरवाल्यावस्थाका विद्यार्थीको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भूमिका

२.४ सिकाइः अर्थ, स्वरुप र शैलीहरु, परिपक्वता र सिकाइ बीच अन्तर सम्बन्ध, स्व प्रतिविम्वन र सिकाइ, सिकाइमा स्थानान्तरण, स्मरण र विस्मरण, उत्प्रेरणा र सिकाइ

**३. शिक्षण विधि, र विद्यार्थी मूल्याङ्कन**

३.१ शिक्षण विधिः प्राथमिक तहमा अध्यापन हुने विषयहरुको विषयगत शिक्षण विधि (परिचय, विशेषताहरु, शिक्षण विधिको वर्गीकरण र प्रयोग), पाठ्यपुस्तक र शिक्षक निर्देशिकासँग शिक्षण विधिको सम्बन्ध

३. २ शैक्षणिक प्रविधिः अर्थ, परिभाषा, महत्व, वर्तमान अभ्यास, व्यवस्थापन र प्रयोग

३.३ परीक्षा र मूल्याङ्कनः परीक्षाको अवधारणा, उद्देश्य, प्रकारहरु, शिक्षक निर्मित परीक्षा मूल्याङ्कनको अवधारणा, उद्देश्य, प्रकारहरु, मूल्याङ्कनका साधनहरु र प्रयोग र प्रा मूल्याङ्ककनका विधि तथा प्रक्रियाहरू

३.४ मूल्याङ्कनका अन्य साधनहरुः अवलोकन, श्रेणीमापन, रुजु सूची, संचित अभिलेख, कार्य संचयिका

**४. मगर खाम भाषा शिक्षण**

४.१ मगर खाम भाषाः परिचय, इतिहास, अवधारणा, आवश्यकता र महत्त्व,

४.२ मगर खाम भाषा भाषिक सीप शिक्षणः भाषिक सीप ( सुनाइ, बोलाइ, पढाइ र लेखाइ ) सम्बद्ध शिक्षण सिकाइ क्रियाकलाप र शैक्षिक सामग्रीको प्रयोग, पढाइका तत्वहरु (ध्वनि सचेतना, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पढाइ प्रवाह, वोध र लेखाइ),

४.३ मगर खाम भाषामा पद्य र गद्यको शिक्षणः परिचय, प्रयोजन, शिक्षण विधि तथा शिक्षण क्रियाकलाप र भाषिक सीप विकासमा विधा शिक्षणको भूमिका,

४.४ मगर खाम भाषा व्याकरण शिक्षणः वर्णविन्यास तथा लेख्य चिन्हको परिचय, प्रयोग, शब्दकोष प्रयोग, शब्द भण्डार र उखान टुक्का, शब्द रचना, वाक्य रचना र वाक्यान्तरण,

४.५ मगर खाम भाषा शिक्षणमा प्रयोग गरिने शिक्षण विधिहरू तथा मूल्याङ्कनका प्रचलित युक्ति तथा साधनहरु,

४.६ वोध अभिव्यक्ति र सिर्जनात्मक लेखनः अनुलेखन, श्रुतिलेखन, अनुच्छेद लेखन, बुँदा लेखन, साराशं लेखन, चिठ्ठी लेखन, निवेदन, शुभकामना कार्ड, निमन्त्रणा कार्ड, वादविवाद र संवाद लेखन ।

**५. सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा**

५.१ सामाजिक अध्ययनः परिचय र महत्व, एकीकृत पाठ्यक्रममा मेरो सेरोफेरो र शि 2/5

५.२ समाज र संस्कृतिः समाज, संस्कृति र मानवीय सम्बन्ध तथा सामाजिक समस्या, कारण र समाधान सरकारी र गैरसरकारी निकायहरुको भूमिका

५.३ हाम्रो पृथ्वी र भूगोलः पृथ्वीको परिचय र बनौट, विश्व मानचित्रमा नेपालको अवस्थिति, नेपालको भौगोलिक र प्रशासनिक विभाजन

५.४ ऐतिहासिक गतिविधिः नेपालको प्राचीनकाल लिच्छवी काल र मल्लकालको सामान्य जानकारी, आधुनि नेपालको निर्माणमा पृथ्वीनारायण शाहको योगदान, वि.सं. २००७ सालको क्रान्तिका उपलब्धी, नेपालमा सङ्घीय गणतन्त्रको परिचय र विशेषता

५.५ नागरिक सचेतना र मानव मूल्य शिक्षाः नागरिक शिक्षा, नागरिकका मौलिक हक र अधिकार, सामाजिक मूल्य र मान्यताहरू र मूल्यमा आधारित शिक्षा, नेपालको राज्य संरचना ( सङ्घ, प्रदेश र स्थानीय निकाय) र स्थानीय तहहरुको गठन प्रक्रिया तथा काम, कर्तव्य र अधिकार ।

**खण्ड "ख"**

**६. गणित शिक्षण**

६.१ ज्यामितिः समतलीय चित्रहरु त्रिभुज, चतुर्भुज र वृत्त सम्बन्धी ज्ञान तथा समस्या समाधान

६.२ अंकगणितः अंक र संख्याको ज्ञान, गणितका आधारभूत क्रियाहरु, भिन्न र दशमलब प्रतिशत, समूहका प्रकार र क्रियाहरु, दूरी, परिमिति, क्षेत्रफल र आयतन, समय, मुद्रा र नापतौल

६.३ बीजगणितः बीजगणितीय अभिव्यञ्जनकको जोड, घटाउ, गुणन, भाग, सरलीकरण तथा समीकरण

६.४ गणित शिक्षण सम्बद्ध विषयहरूः आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रममा गणितको स्थान र शिक्षण, गणित शिक्षण र शिक्षकको पेशागत विकासमा प्रविधिको प्रयोग

**७. विज्ञान तथा प्रविधि शिक्षण**

७.१ विज्ञान अध्ययन, सूचना तथा सञ्चार प्रविधि : विज्ञान अध्ययनमा खोज, अवलोकन र प्रयोग, लम्बाइ, चौडाइ, पिण्ड र समयको नाप, सूचना तथा सञ्चार प्रविधि, विज्ञान शिक्षणमा सूचना र सञ्चार प्रविधिको प्रयोग

७.२ जीव र वातावरणः जीवको वर्गीकरण, जीवलाई असर पार्ने वातावरणीय तत्वहरु, जनावरको वर्गीकरण (ढाड भएका र ढाड नभएका), विरुवाहरुको वर्गीकरण ( जमीनमा र पानीमा पाइने, फूल फुल्ने नफुल्ने, एक दलीय र दुई दलीय)

७.३ जीवन प्रक्रियाः जनावर र विरुवाका जीवन प्रक्रिया, विरुवाका विभिन्न भागहरु र तिनीहरुका कार्य, जनावर र विरुवामा हुने प्रजनन प्रक्रियाको सामान्य जानकारी

७.४ पदार्थ र शक्तिः पदार्थका प्रकार ( पानी, हावा र चट्टान), पदार्थका भौतिक गुणहरु, शक्तिका विभिन्न स्वरुपहरु (परिचय, महत्व, स्रोतहरु र उपयोगिता)

७.५ अन्तरिक्षः सूर्य र सौर्य परिवार

सुनछहरी गाउँपालिका

**८. स्वास्थ्य, शारीरिक शिक्षा तथा सिर्जनात्मक कला**

८.१ व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाइः व्यक्तिगत सरसफाइ, वातावरणीय सरसफाइ, फोहोर व्यवस्थापन तथा कुहिने फोहोरबाट जैविक मल निर्माण

८.२ प्राथमिक उपचारः परिचय, महत्व, पारिवारिक र सामुदायिक स्वास्थ्य सेवा, घर, विद्यालय र खेल मैदानमा हुने दुर्घटना, प्राथिमक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरु, धुम्रपान, मध्यपान र लागू पदार्थको दुर्व्यसनबाट व्यक्ति, परिवार र समाजलाई पर्ने असर र यसबाट बच्ने उपाय

८.३ शारीरिक शिक्षाका आधारभूत सीपहरुः गतिशील अवस्थाका सीपहरु ( दौड, रिलेखेल, हाइजम्प, लङ्जम्प आदि), स्थिर अवस्थाका सीपहरु, साधारण तथा स्थानीय खेलहरु, कवाज र शारीरिक व्यायम, योग, योगासन र योगाभ्यास

८.४ सिर्जनात्मक कलाः परिचय र महत्व, एकीकृत पाठ्यक्रममा सिर्जनात्मक कलाको समावेश्यकला र सङ्गीत कलाभित्र पर्ने विषयवस्तुहरुको सामान्य परिचय र उद्देश्य, विषयवस्तु र पार

**९. भाषा/पाठ्यक्रम**

९.१ पाठ्यक्रमः अर्थ, परिभाषा, महत्त्व, तत्त्वहरु, पाठ्यक्रम निर्माणका आधारहरु र प्राथमिक

पाठ्यक्रम संरचना

९.२ स्थानीय पाठ्यक्रमः परिचय, महत्व र विद्यालय तहमा स्थानीय पाठ्यक्रम सम्बन्धमा भएको

९.३ स्थानीय पाठ्यक्रम निर्माणका प्रकृया र प्रयोग

९.४ स्थानीय पाठ्यक्रम कार्यान्वयन र सिकाइमा प्रभाव पर्ने तत्त्वहरुः जनशक्ति व्यवस्थापन, पाठ्यपुस्तक

व्यवस्था, बहुभाषी समाज र भाषिक विविधता

९.५ नेपालमा मातृभाषा तथा स्थानीय भाषा सम्बन्धमा भएका नीतिगत प्रयासः संवैधानिक व्यवस्था, कानूनी र संरचनागत व्यवस्था

**विशिष्टिकरण तालिका**

**पाठ्यक्रमः एकिकृत** **तहः**
**आधारभूत (१-८)**

| एकाइ | विषय वस्तु | प्रश्न | अङ्क |
|---|---|---|---|
| खण्ड "क" | | | |
| १ | शैक्षणिक योजना र कक्षा कोठा व्यवस्थापन | १ | १० |
| २ | बाल मनोविज्ञान | १ | १० |

सुनछहरी गाउँपालिका

| | | | |
|---|---|---|---|
| ३ | शिक्षण विधि र विद्यर्थी मूल्याङ्कन | १ | १० |
| ४ | मगर खाम भाषा शिक्षण | २ | २० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षण | २ | १० |
| खण्ड "ख" | | | |
| १ | गणित शिक्षण | १ | १० |
| २ | विज्ञान तथा प्रविधि शिक्षण | १ | १० |
| ३ | स्वास्थ्य शारिरीक शिक्षा तथा सिर्जनात्मक कला | २ | १० |
| ४ | भाषापाठ्क्रम/ | १ | १० |
| | जम्मा | १२ | १०० |

द्रष्टव्य

१. पाठ्यक्रमलाई दुइ खण्डमा विभाजन गरिएँको छ

२. प्रत्येक एकाइ बाट ५ वा १० अङ्कभारका प्रश्न सोध्न सकिनेछ ।

३. प्रत्येक खण्डको लागी छुट्टा छुट्टै उत्तरपुस्तिकाको प्रयोग गर्नुपर्नेछ ।

४. लिखित परीक्षाको माध्यम मगर खाम भाषामा हुनेछ ।

५. यो पाठ्यक्रम मगर खाम भाषा शिक्षक व्यवस्थापन कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

सुनछहरी गाउँपालिका